# स्थानीय राजपत्र

| अर्जुनचौपारी गाउँपालिका, अर्जुनचौपारीद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्ड २ | संख्या १ | मिति ………… |

भाग २

अर्जुनचौपारी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# अर्जुनचौपारी गाउँपालिकाको बालकोष सञ्चालन कार्यविधि, २०८०

गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०८०/१०/१५ गते

**प्रस्तावनाः**

अर्जुनचौपारी गाउँपालिका भित्रका आपतकालीन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरुको तत्काल संरक्षण, उद्धार, राहत वितरण र पारिवारिक पुर्नस्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि गाउँपालिका स्तरीय बालकोषको स्थापना गर्न आवश्यक भएकोले अर्जुनचौपारी गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि तयार गरी स्वीकृत गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "अर्जुनचौपारी गाउँपालिकाको बालकोष संचालन कार्यविधि, २०८०" रहेको छ ।

ख) यो कार्यविधि कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

क) "गाउँपालिका" भन्नाले अर्जुनचौपारी गाउँपालिकालाई सम्झनु पर्दछ।

ख) "कार्यविधि" भन्नाले अर्जुनचौपारी गाउँपालिका बालकोष सञ्चालन कार्यविधि, २०८० लाई सम्झनु पर्दछ।

ग) "कोष" भन्नाले यस कार्यविधिको दफा नं. ३ मा उल्लेख गरे बमोजिम स्थापना गरिएको गाउँपालिका स्तरीय बाल कोष सम्झनु पर्छ।

घ) "समिति" भन्नाले बालमैत्री स्थानिय शासन गाउँसमिति तथा गाउँबाल संरक्षण समिति, पुनर्वास, अर्जुनचौपारी सम्झनु पर्दछ।

ङ) "आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका"भन्नाले कार्यविधिको दफा नं. ९ मा उल्लेखित बालबालिकालाई सम्झनु पर्दछ।

च) "संचालक समिति" भन्नाले कार्यविधिको दफा नं. ४ मा उल्लेख गरे बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ।

**३. कोषको स्थापनाः**

१) गाउँपालिकाको लक्षित बर्गको लागि विनियोजित बजेटबाट जोखिम अवस्थामा रहेका वा आपतकालीन अवस्थामा रहेका गाउँभित्रका बालबालिकाको संरक्षण गर्न बालमैत्री स्थानीय शासन (MCFIG गाउँ तथा गाउँ बाल संरक्षण समिति अर्जुनचौपारीले यस बालकोषको स्थापना गरेको छ।

२) बालकोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछः

क) गाउँपालिकाले यस कोषमा जम्मा गर्न पठाएको रकम,

ख) विभिन्न संघ-संस्थावा ब्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

ग) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम।

घ) यस अघिका बालकोषमा जम्मा भएको रकम।

४. **संचालक समितिको गठनः** कोषको ब्यवस्थापन सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको ५ सदस्यीय संचालक समिति रहनेछ ।

क) बालमैत्री स्थानिय शासन गाउँसमिति अध्यक्ष —संयोजक

ख) बिषयगत समितिको संयोजक —सदस्य

ग) गाउँबाल संरक्षण समितिका संयोजक तथा को स्रोत व्यक्ति —सदस्य

घ) गाउँबाल संरक्षण समितिको सदस्यहरु मध्येबाट बाल समुहका प्रतिनिधि —सदस्य

ङ) गाउँबाल संरक्षण समितिका सदस्यहरु मध्येबाट शिक्षक प्रतिनिधी —सदस्य

च) बालमैत्री स्थानिय शासन गाउँसमितिका सदस्य सचिव —सदस्य सचिव

५. **संचालक समितिको काम कर्तब्य र अधिकारः** संचालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिमहुनेछः

क) आपतकालिन अवस्थामा रहेका बालबालिकाहरुको पहिचान गरी तिनीहरुको तत्काल उद्धार गर्ने, राहत वितरण गर्ने वा पारिवारिक पुर्नमिलनगर्ने/गराउने,

ख) सहयोगको आवश्यता र उपलब्ध स्रोतको आधारमा प्रति ब्यक्ति बढिमा रु ५०००/- सम्म सहयोग गर्ने,

ग) बालमैत्री स्थानिय शासन गाउँसमितिले दिएको निर्देशन पालना गर्ने,

घ) प्रत्येक ६ महिनामा कार्यप्रगति विवरण बालमैत्री स्थानिय शासन गाउँसमितिमा पेश गर्ने,

ङ) कोषको आय-ब्ययको विवरण अद्यावधिक गर्ने,

च) कोषको बृद्धि गर्न उपयुक्त निति तथा कार्यक्रम र रचनात्मक कार्यक्रमको तर्जुमा गर्ने,

छ) आपतकालिन अवस्थाका बालबालिकाको संरक्षणका लागि अन्य आवश्यक काम गर्ने,

ज) संचालक समितिले गरेको आय-ब्ययको विवरण बालमैत्री स्थानिय शासन गाउँसमितिमा पेश गर्ने,

झ) कोषको बृद्धिमा सहयोग गर्ने संघ-संस्था वा ब्यक्तिको विवरण अद्यावधिक गर्ने,

६. **संचालक समितिले गर्न नहुँने कामहरुः-** संचालक समितिले देहायका काम गर्न गराउन हुदैन।

क) कोषको रकम हिनामिना वा समितिका कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न,

ख) आपतकालिन अवस्थाका बालबालिकाको हकहित संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न ।

**७. संचालक समितिको बैठकः-** आपतकालिन अवस्थाका बालबालिकाहरुको संरक्षणको लागि बालमैत्री स्थानिय शासन गाउँसमिति पुनर्वास तथा गाउँबाल संरक्षण समितिमा परेका निवेदन उपर छलफल र निर्णय गर्न संचालक समितिको बैठक देहायबमोजिम बस्नेछ ।

क) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यक्ता अनुसार बस्नेछ।

ख) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थीतिमा सञ्चालक समितिको सदस्य सचिवले गर्नेछ।

ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्यहुनेछ।

घ) सञ्चालक समितिको निर्णय सदस्य-सचिवले प्रमाणित एवं अद्यावधिक राख्नेछ।

ङ) सञ्चालक समितिको सम्पर्क स्थानबालमैत्री स्थानिय शासन गाउँसमिति तथा गाउँबाल संरक्षण समितिको कार्यालयमा रहनेछ।

**८. लेखापरीक्षणः-** समितिले नियुक्त गरेको लेखापरीक्षकबाट प्रत्येक बर्ष आय-ब्ययको विवरणको लेखापरीक्षण गराउनुपर्नेछ ।

**९. आपतकालिन एवं जोखिम अवस्थाका बालबालिका अन्तरगत देहायका बालबालिका पर्दछनः**

१) हराएको वा वेवारिसे अवस्थामा फेला परेका बालबालिका,

२) जोखिमपूर्ण श्रममा संलग्न रहेकाबालबालिका,

३) ऋणको कारणले बन्धकमा रहेकावा जबरजस्ती श्रममा लगाई पिडित भएका बालबालिका,

४) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पिडित बालबालिका,

५) दुर्घटनामा परेका वा प्राकृतिकवा दैवीप्रकोपमा परेका बालबालिका,

६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वाकुनै कसुरसंग सम्बन्धीत रहेको कारणले बेवारिसे भएकाबालबालिका,

७) यौनशोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसार पसारमा परेका बालबालिका,

८) हिंसाबाट प्रभावित एवं पिडित भएका बालबालिका,

९) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बञ्चित भएका बालबालिका,

१०) अपांगता भएका बालबालिका,

११) सुस्त मनस्थीति भएका बालबालिका,

१२) अपहरण वा शरिर बन्धकमा परेका बालबालिका,

१३) सडक बालबालिका,

१४) एच. आई. भि. एड्स संक्रमित भएका बालबालिका,

१५) गाउँबाल संरक्षण समितिले तोकेका अन्य बालबालिका,

**१०. निवेदन दिन सक्नेः** यस कार्यविधिको दफा नं. ९ मा उल्लेख गरिएका बालबालिकाहरुको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी गाउँपालिका स्थित जो कुनै सरोकारवाला वा ब्यक्तिले बालमैत्री स्थानिय शासन गाउँसमितिको कार्यालय वागाउँबाल संरक्षण समितिको सचिवालयमा बालबालिकाको विस्तृत विवरण खुल्नेगरी निवेदन दिन सक्नेछ।

**११. खाताको सञ्चालनः-** बालकोषको रकम समितिको निर्णयले कुनै पनि नेपाल सरकारबाट मान्यता प्राप्त “क” वा “ख” बर्गको बैंकमा खाता खोली जम्मा गर्न सकिनेछ। खाता सञ्चालन गर्ने क्रममा चल्ति वा बचत दुबै प्रकारको खातामा खोल्न सकिनेछ साथै सञ्चालक समितिको संयोजक र सदस्य सचिवको संयुक्त हस्ताक्षरमा खाता सञ्चालनमा रहनेछ।

**१२. अन्य खर्चः** कोषको संचालक समितिले आवश्यक ठानेका मसलन्द खर्च तथा बाल उद्धार गर्ने क्रममा हुने यातायात खर्च गर्न सक्नेछ ।

**१३. कोष खारेज हुँन सक्ने अवस्थाः** कुनै कारणबस कोष सञ्चालन गर्ने आवश्यक नभएमा प्रयाप्त कारणहरु सहित सञ्चालक समिति, बालमैत्री स्थानिय शासन गाउँसमितित थान गर बाल संरक्षण समितिको संयुक्त निर्णयले खारेज गर्न सकिने छ र कोष खारेज भएमा कोषमा रहेको रकम गाउँबाल संरक्षणको अगुवाईमा बालहितकारी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

आज्ञाले
आषिश शर्मा
प्रमुख प्रशासकीय अधिकृत